# परमेश्वरको प्राथमिक प्रयोजन

मत्ती २२:३७–३९

केटी बेस

क. परमेश्वरसँगको सहि सम्बन्ध

ख. आफैसँगै सहि सम्बन्ध

ग. अरुहरुसँग सहि सम्बन्ध

१.श्रीमान्
२. सन्तानहरु
३. अभिभावकहरु र सासु ससुराहरु
४. साथीहरु र अरुहरु

घ. घरमा सहि क्रम

१. आर्थिक
२. समयलाई मिलाउनु
३. घरमा क्रम
४. प्राथमिकताहरु
५. व्यवहार र वातावरण
६. यौन
७. स्वास्थ/सन्तुलन आहार

# क. परमेश्वरसँगको सहि सम्बन्ध

क. शुरुमा परमेश्वरको उद्धेश्य
ख. के भयो ?
ग. परमेश्वरले पुर्नस्थापना गर्नुहुन्छ

मत्ती २२:३७–३९
पहिलो परमेश्वरलाई प्रेम गर्नु
दोस्रो आफैलाई प्रेम गर्नु
तेस्रो आफ्नो छिमेकिलाई प्रेम गर्नु

क. शुरुमा परमेश्वरको उद्धेश्य

१. मानिससँग संगती गर्नु, परमेश्वरले परिवारको इच्छा गर्नुभएको थियो ।
१ यूहन्ना १:३ उत्पत्ती २:१९, ३:८

२. मानिससँग दैनिक सम्बन्ध हुनु
परमेश्वरसगँ हिड्नु , उहाँसँग कुरा गर्नु , उहाँलाई जान्नु , उहाँसँग पूर्णरुपमा खुल्ला हुनु , अनन्तमा उहाँसँग जीउनु
उत्पत्ती ५:२२,२४ हनोक, ६:९ नोआ, प्रस्थान ३३:९ मोशा ।

३. मानिसलाई एक्लै रहनलाई बनाउनुभएको होइन ; स्त्री चाहिँ उसको श्रीमान्को लागि सिद्ध सहयोगी हुनु पर्ने थियो ।

- एक हुनु : आत्मामा, प्राण र शरिर
- पूर्णरुपमा एक अर्कासँग एक हुनु , नाङ्गो, केहि पनि नलुकाउनु ।
- हव्वाले आदमलाई पूर्ण बनाए उत्पत्ती २:१८–२५
- हामी जहाँ छौं त्यहाँ र आजको हाम्रो विवाहमा परमेश्वरले व्यवहार गर्नुहुन्छ ।

४. मानिसले आफ्नो जीवन, उसको काम, वातावरण र एक अर्कासँग अनन्द लिनु थियो ।

उत्पत्ती २:१८–२५, १:२८–३१

५. हामीले परमेश्वरको सृष्टिमा हामी को हौं भन्ने जान्नु र त्यो पुरा गर्नु पर्दछ ।

उत्पत्ती १:२६–२८

परमेश्वरले मानिसलाई “तिमीहरु कहाँ छौं ?” भनि पहिलो प्रश्न सोध्नुभयो । उत्पत्ती ३:९
परमेश्वरले “तिम्रो भाई कहाँ छ ?” भनि दोस्रो प्रश्न सोध्नुभयो । उत्पत्ती ४:९

**ख.** पुरुष र स्त्री प्रति परमेश्वरको प्राथमिक उद्धेश्यलाई के भयो ?

आज्ञा उत्पत्ती २:७ नतिजा उत्पत्ती ३:९,१६,१७

उनीहरु परिक्षामा परे र पापमा फसे ।
मानिसले परमेश्वर विरुद्ध बागि भए उत्पत्ती २:१७, ३:९,१६,१७

- हव्वा परिक्षित भई उत्पत्ती ३:१–५
- हव्वाको अनाज्ञाकारिता उत्पत्ती ३:६
- नतिजा उत्पत्ती ३:७–२४ हव्वाको प्रभावित पार्ने शक्ति
- परमेश्वरबाट अलग शारिरिक मृत्यु

परमेश्वरले आदमलाई बगैचामा शासन गर्ने अधिकार दिनुभयो र असल र खराबको ज्ञानको रुखको फल नखानलाई आज्ञा दिनुभयो । हव्वामा आफ्नो श्रीमान्लाई असल वा खराब प्रति प्रभावित बनाउने शक्ति थियो ।

हव्वाले फल खादाँ बगैचाँमा पाप प्रवेश गरेको होइन तर आदमले जानाजान फल लिदाँ पाप प्रवेश गरेको हो । हव्वा छल परेकि थिइन् । आदम छलमा परेको होइन तर उसले परमेश्वरले उसको लागि बनाएको स्त्रीलाई धैरै मायाँ गरे कि उनको साथ मर्न पनि तयार भए ।

उदाहरण : येशूले हामीलाई यति धैरै प्रेम गर्नुभयो कि हाम्रो बद्ली उहाँ मर्नुभयो ।

पापको **नतिजाहरु** :

१. परमेश्वरदेखि मानिस अलग गरियो , परमेश्वरदेखी टाढा

- परमेश्वरबाट ऊ लुक्दछ, उत्पत्ती ३:८,९; परमेश्वर देखी डराउदँछ ३:१०
- परमेश्वरको अस्तित्वलाई अस्विकार गर्छ, रोमी १:२०–२द्द
- परमेश्वरसँग व्यक्तिगत सम्बन्ध छैन
- उत्पत्ती ४:१४–१६, रोमी ६:२३

२. पुरुषको स्त्रीसँग विवाहमा झगडा छ १ तिमोथी २:१४

- उनले उसँग पुरा हुदिन, उनी उसँग प्रतिस्पर्था गर्छिन, उनिहरु अब “एक” छैनन् तर छुटेका छन्, परमेश्वरको योजना बाहिर छन्, आफै केन्द्रित छन् ।

३. मानिसले भाईलाई मार्दछ, आफ्नो प्रति ईष्या, डाहा, लोभ र घृणा राख्दछ । **आफै केन्द्रित** । उत्पत्ती ४ कयिन र हाबिल

४. मानिसको लागि काम र जीवन दवाबपूर्ण, खाली, देखावटी, पुरा नभएको बनेको छ , उसको वातावरण ध्वस्त हुदैंछ ,

५. मानिसले सृष्टिकर्तालाई अस्विकार गर्छ जसले उसलाई बनाउनुभयो र उसलाई परमेश्वरले जस्तो बनाउनुभयो त्यस्तो रहन अस्विकार गर्छ र अरु जस्तो बन्न चाहादँछ । रोमी १:२१,२५

## ग. परमेश्वरले मानिसको लागि राख्नुभएको प्राथमिक उद्धेश्यको पुर्नस्थापना गर्नुहुन्छ

१. परमेश्वरले हामीसँग संगतीको इच्छा गर्नुहुन्छ , अब हामी उहाँको परिवारको एक हिस्सा बन्न सक्छौं, किनकी येशूले पापको मुल्य चुकाउनुभएको छ । प्रकाश ३:२०, यूहन्ना १:१२, २ कोरन्थी ५:१८–२१ , फिलिप्पी २:६–११

२. हामीले परमेश्वरसँग अनन्त जीवन लिन सक्छौं , व्यक्तिगतरुपमा परमेश्वरलाई हामीले जान्न सक्छौं । हामी उहाँसँग दैनिक हिड्न सक्छौं । यूहन्ना ११:२५, ३:१७–१८;६:३५;१४:६, हिब्रू ११:६, १ यूहन्ना ५:११–१३, १ तिमोथी २:५, एक परमेश्वर, एक मध्यस्तकर्ता – येशू ।

३. सहि क्रममा वैवाहिक सम्बन्धलाई पुर्नस्थापना गर्न सकिन्छ
एफिसी ५:२२–३१ हामी आत्मा, प्राण र शरिरमा **एक** हुन सक्छौं ।

४. हामीले जीवन पाउन येशू आउनुभयो यूहन्ना १०:१० । हाम्रो काम, हाम्रो जीवन अनन्दमय र परिपूर्ण हुनसक्छ । अरुहरुसँगको हाम्रो सम्बन्ध शुरुवातमा परमेश्वरले चाहानुभएको जस्तै हुन सक्छ । कलस्सी ३:१७–२३

५. **परमेश्वर**ले **हामीसबै**लाई जस्तो चाहानुहुन्छ **हामी** त्यस्तै बन्न सक्छौं, किनकी हामी उहाँको स्वरुपमा बनिएका छौं, हामी उहाँका कामदारहरु हौं , एफिसी २:१० ।
उहाँले हामीलाई जस्तो सृष्टि गर्नुभयो हामी त्यस्तै हुन सक्दछौं ।
रोमी १२:२, २ कोरन्थी ५:१५,१८,२०

# “परमेश्वरको राज्य चाहिँ धार्मिकता, शान्ति र अनन्द हो।”

# मुख्य रचनाकार

१. **सहि**रुपमा भवन र्निमाण

सहि सामाग्रीको चुनावले भवन निर्माण पश्चयात भवन कस्तो “देखिदँछ”, “अनुभव हुदँछ” र कसरी यो “ठिक हुदँछ” भन्नु हो ।

भजनसंग्रह १३९

एफिसी १:४, ५,६,११

२:१०

२ तिमोथी १:९

२.सुझाब र्निदेशिका सहितको तरिका (बाइबल)

३. आवश्यक औजार– परमेश्वरले दिनुभएको
क्षमताहरु, आत्मिकी वरदानहरु, प्रतिभाहरु, स्वभाव, प्राकृतिक उपहारहरु

४. परमेश्वरले सबैलाई दिनुहुन्छ र भन्नुहुन्छ कि मैले जस्तो बनाएको छु त्यस्तै **बन** ।

५. परमेश्वरले हामीलाई हामीलाई जे दिइएको छ त्यसलाई के गर्नुपर्दछ भनि चुनाव गर्ने “स्वतन्त्रता” दिनुभएको छ । रोमी ६:१६, यूहन्ना १०:१०

हाम्रो चुनावको स्वतन्त्रताद्धारा **हामीले हाम्रो खुशिको चाबिँलाई पक्रिराख्नुपर्दछ ।**

हिप्पोक्रेटस – औषधिको पिता :

उनले हरेक मानिसको शरिरमा चार आधारभूत तत्वहरु हुन्छन् भन्ने सिद्धान्त निकालेका थिए । यि तत्वहरुले त्यो व्यक्तिले कसरी **कार्य** गर्दछ , उसको **व्यक्तित्व** के हो भनि र्निधारित गर्दछ ।

१. ब्लड–(न्यानो), **स्यानगुइन्** – जोसीलो र हर्षित
२. बल्याक बेली –(तपतपे गर्मि) **म्यालेङ्कोली** – चिन्ता ग्रस्थ, उदासीन
३. एल्लो बेली – (सुख्खा) **कोलेरिक** – सजिलै रिस उठ्ने
४. फ्लेंम् –(चिसो वा बाक्लो) **फ्लागमाटिक** – बिस्तारै, हुत्तिनु

## हितोपदेश :

३०:११ *"यस्ताहरु पनि हुन्छन् जुनहरु आफ्ना बाबुलाई सराप्छन् , र आफ्ना आमाहरुलाई धन्यका ठान्दैनन् ।"*

**म्यालेङ्कोली** – अधन्यबादि, आलोचना गर्ने, अरुको दोष खोजीहिड्ने ,

३०:१२ *"तिनीहरु, जो आफ्नै दृष्टिमा चोखो छन्, र पनि आफ्ना अपवित्रताहरुबाट चोख्याइएका छनन् ।"*

**फ्लागमाटिक** – आत्मा सन्टुष्टि, आफ्नै पापलाई देख्दैन, आफै धर्मि पल्टिने, राम्रो मान्छ बन्ने

३०:१३ *"तिनीहरु, जसका आँखाहरु ऋति अहङ्कारी छन् , जसको हेराइ अति घृणयुक्त छन् ;"*

**स्यानगुइन्** – आफैले आफुलाई बढाइ चढाइ गर्ने, आफु केन्द्रित

३०:१४ *"तिनीहरु जसका दाँतहरु तरबारहरु हुन्, र जसको बङ्गराहरु छुरा समान हन्छन्, जसले गरिबहरुलाई पृथ्वीमा खाएस सक्छन्, र खाँचोमा परेकाहरुलाई मानव समाजबाट नाश गरिदिन्छन् ।"*

**कोलेरिक** – तेजिलो, ब्यंग हान्ने

# समर्पण

त्यो बनावट जसले विवाहलाई सहयाता गर्छ

सर्मपण चाहिँ : **हृदयको व्यवहार हो** जहाँ हामी स्वइच्छाले ख्रीष्टको आदरको लागि अर्को व्यक्तिको **आवश्यकताहरु**, **इच्छाहरु**, **अधिकारहरु**, र **किर्ति**लाई आफ्नो भन्दा अगाडि राख्नु हो ।

**फिलिप्पी २:१–८**
**रोमी १२:३,१०,१७**
**तितस ३:१,२**
**कलस्सी ३:१७,१८**

सर्मपण चाहिँ आफ्नो **चुनाव** हो ।
सैनिकमा भए झैं निश्चित ठाउँ १ कोरन्थी ११:३

सर्मपणको नतिजाहरु :

व्यक्तिगत बृद्धि र पुरा हुनु

| | |
|---|---|
| क. ख्रीष्टमा बढ्नु | यूहन्ना १४:२१ |
| ख. आनन्द | भजन १६:११, एफिसी ५:१८–२१ |
| ग. शान्ति | गलाती ५:२२, फिलिप्पी ४:६,७ |

| | |
|---|---|
| घ. सुन्दरता | १ पत्रुस ३:३,४ |
| ङ ताकत | फिलिप्पी ४:१३ |
| च. परमेश्वरको सुरक्षा | भजन ९१:१, १ कोरन्थी १०:१३ |
| छ. स्वतन्त्रता | २ कोरन्थी ३:७ |
| ज. प्रेम | गलाती ५:२२ |
| झ. सुरक्षा | हितोपदेश १०:८ |

**सहसहयोगी, सहयोगी :**
जसले आफ्नो श्रीमान्लाई सहयोग गर्छ परमेश्वरले चाहानुभएको जस्तै उनीहरु बन्छन्, उनीहरु परमेश्वरले चाहेको जस्तै बनेमा ।
सहसहयोगी :
तपाई विश्वास गर्छन्
तपाई जस्तै हुनुहुन्छ त्यसतै नै तपाईलाई स्वीकार गछर्न्
तपाईको भावनालाई बुझ्छन्
तपाईमा इच्छुक हुन्छन् ?
तपाईमा सहयोगी छन् ?

समर्पण चाहिँ **प्रेम कार्यमा** हो , यसले तपाईको श्रीमान्लाई उहाँ बहुमुल्य हुनुहुन्छ र आफ्नो भन्दा उहाँको आवश्यकताहरु धैरै महत्वपूर्ण छन् भन्ने सन्देश दिदँछ ।

# परिवारको लागि बनाउनु

हितोपदेश २४:३,४
परिवार (जीवन, घर, परिवार) चाहिँ दक्षता र **परमेश्वरको बुद्धि**द्वारा बन्दछ, र **बुझाई**द्वारा यसको स्थापना गरिदँछ (असल र राम्रो जगमा) । र **ज्ञान**द्वारा यसका कोठाहरुमा (हरेक क्षेत्रहरु) बहुमुल्य र असल धनहरुले भरिदँछ ।

"**बुद्धिमानी** स्त्रीले **आफ्नो** घर र्निमाण गर्दछिन् ". . . . .

हितोपदेश १४:१ **बुद्धिमान्** स्त्रीले आफ्नो घर निर्माण गर्छे, तर **मूर्ख**ले त आफ्नै हातले आफ्नो घर भत्काउँछे ।

"मूर्ख" — परमेश्वरको कुराहरु तर्फ बाक्लो, आलश्य हान्निने, विनाश तिर झुकाब, मुर्ख, विवेकहिन (खालि बुद्धि)

हितोपदेश १८:६,७,२१

२१:२३

हितोपदेश १२:१५ "**मूर्ख**को चाल त्यसकै लागि ठिक देखिन्छ, तर **बुद्धिमान्** मानिसले अरुको सल्लाह सुन्छ ।"

१५:३२ "अनुशासनको वास्ता नगर्नेले आफैलाई घृणा गर्छ, तर सुधारमा ध्यान दिनेले समझशक्ति प्राप्त गर्छ ।"

९:१२,१३ "यदि तँ बुद्धिमान् छस् भने तँलाई बुद्धिले इनाम दिनेछ; यदि तँ गिल्ला गर्ने भइस् भने तँ एक्लैले दुःख पाउँनेछस् ।"

३१:१० "**असल चरित्र** भएकी पत्नी कसले आउनसक्छ ? तिनी त मूगा–मोति भन्दा बहुमूल्यकी हुन्छिन् ।"
दक्ष, बुद्धिमानी, चरित्रवान् । धेरै ताकत, मुल्य, बहादुर, क्षमतावान्, पराक्रमि, तत्व–सन्तुष्टि हुने ताकत– चरित्रमा इमान्दार र बलियो – इस्राएलको न्यायकर्ताहरुको वर्णन जस्तै

१२:४ चरित्रवान् पत्नी (स्त्री) आफ्नो पतिको मुकुट हो, (अनन्दको मुकुट) **तर** अपमान ल्याउने पत्नी चाहिँ तिनका हड्डी **सडेको** (किराले खाएको) जस्तै हो ।

## परमेश्वरको राज्य

मत्ती ६:३३

तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको (कार्य गर्ने र सहि रहने उहाँको तरिका) खोजी गर (यसलाई उद्धेश्य बनाउने र यसमा नै लागि रहने) अनि यी सबै कुराहरू पनि तिमीहरूलाई दिइनेछन् ।

रोमी १४:१७

किनकि परमेश्वरको राज्य खाने र पिउने विषयमा होइन, तर पवित्र आत्मामा (१) **धार्मिकता**, (२) **शान्ति** र (३) **आनन्द** हो ।

१. धार्मिकता **सहि सम्बन्धहरु**

१. परमेश्वरसँगको हाम्रो सम्बन्ध
२. आफैसँगको हाम्रो सम्बन्ध
३. हाम्रो छिमेकिहरु (अरुहरु)सँगको हाम्रो सम्बन्ध

सहि सम्बन्धहरुबाट आउदँछ :

२. परमेश्वरसँग, आफैसँग, अरुहरुसँग शान्ति

३. परमेश्वरमा, आफैमा, अरुहरुमा आनन्द

४. पवित्र आत्मामा (पवित्र आत्माद्धारा मात्र सम्भव)

## योग्य हिडाइँ

फिलिप्पी १:२७ जे सुकै आइलागे तापनि, तिमीहरू ख्रीरष्टको सुसमाचारको योग्य हुने जीवनको चालमा चल । तब, चाहे म आएर तिमीहरूलाई देखूँ, चाहे अनुपस्थित रहेर तिमीहरूका बारेमा सुनूँ, म यही थाहा पाउन चाहन्छु कि तिमीहरू **एउटै आत्मा**मा दृढ भई खडा छौ, र सुसमाचारको विश्वासको निम्ति **एउटै मन**का भई **मिलेर** परिश्रम गर्दछौ,

फिलिप्पी ३:१६,१७
केवल हामीले जे जति प्राप्त गरिसकेका छौं, हामी त्यही (सत्यता) तहमा स्थिर भई **चलौं** ।

**१७**भाइ हो, मेरो अनुकरण गर्ने काममा अरूसँग मिल, र हामीले तिमीहरूलाई दिएका नमूनाअनुसार जिउनेहरूमाथि ध्यान देओ ।

फिलिप्पी ४:९
जे कुरा तिमीहरूले मबाट **सिक्यौ** अथवा **ग्रहण गर्‍यौ** अथवा **सुन्यौ** अथवा ममा **देख्यौ**, ती कुरालाई व्यवहारमा ल्याओ, र शान्तिका परमेश्वर (दुःख नदिने, तनाब नरहने, चौतर्फि भलाई) तिमीहरूसँग रहनुहुनेछ ।

एफिसी ४:१,२,३
त्यसकारण म, प्रभुको निम्ति एक कैदीले, तिमीहरू जुन बोलावटमा (दैविय) बोलाइएका छौ (यस्तो व्यवहार जसले परमेश्वरको सेवालाई देखाउदँछ), त्यसैको **योग्य** चालमा **चल** (जीवन जीउ) भनी आग्रह गर्दछु ।

पूर्णरूपले नम्र र विनयी (निस्वार्थी, भलाघ्नि, नरम) बन; एक अर्कालाई प्रेममा सहँदै धैर्य धारण गर ।

शान्तिको बन्धनमा आत्माको एकता राख्नलाई हरेक प्रयत्न गर ।

एफिसी ५:८,१५,१७
किनकि तिमीहरू एक समय अन्धकारमा थियौ, तर तिमीहरू अब त प्रभुमा ज्योति भएका छौ । ज्योतिका सन्तानझैँ (ज्योतिमा नै जन्मेर हुर्केकाहरु जस्तै गरि जीवन जीउन तर्फ हिड) **हिँड्डुल** गर ।

त्यसकारण होशियार बस, तिमी कसरी **हिँड्दैछौ**– निर्बुद्धि मानिस जस्तो होइन, तर **बुद्धिमान्** (संवेदनशिल, ज्ञानि मानिस) जस्तो,

यसकारण मूर्ख नबन, तर प्रभुको इच्छा के छ त्यो बुझ ।

कलस्सी १:९–१२
यसकारण, हामीले तिमीहरूको विषयमा सुनेको दिनदेखि, तिमीहरूको निम्ति प्रार्थना गर्न अनि आत्मिक बुद्धि र समझद्वारा तिमीहरूलाई उहाँको इच्छाको ज्ञानले भरून् भनी निवेदन गर्न थामिएका छैनौं । अनि हरेक असल काममा फल लाउँदै, परमेश्वरको ज्ञानमा बढदै उहाँलाई हरेक किसिमले खुशी पार्दै तिमीहरूले प्रभुको योग्य **जीवन बिताओ** (जीउनु र तपाई चरित्र) भनेर हामी यो प्रार्थना गर्छौं । तिमीहरूमा धैरै सहनशीलता र धीरज होस् भनी उहाँको महिमायुक्त शक्तिअनुसार तिमीहरू पूर्ण शक्तिले बलियो भएका होओ । ज्योतिको राज्यमा सन्तहरूको पैतृक अधिकारको सहभागी हुने योग्यता तिमीहरूलाई प्रदान गर्नुहुने पितालाई आनन्दसाथ धन्यवाद चढाओ ।

२:६
त्यसो भए, जसरी तिमीहरूले ख्रीष्टलाई प्रभु भनी ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन **बिताइरहो** ।

३:३, १२–१७
किनकि तिमीहरू मरिगयौ, अनि अब तिमीहरूको जीवन ख्रीष्टसित परमेश्वरमा लुकेको छ ।

यसकारण, परमेश्वरका चुनिएकाहरू भएकोले पवित्र र अति प्रिय भएर तिमीहरूले करुणा, दया, नम्रता, विनयता अनि धीरज **धारण गर** । एउटाले अर्कोलाई सहने गर अनि एक अर्कामा भएका गुनासोहरू जे छन् ती क्षमा गर । परमेश्वरले तिमीहरूलाई क्षमा दिनुभएझैँ क्षमा देओ । अनि यी गुणहरूभन्दा बढी प्रेम धारण गर, जसले सबैलाई साँचो एकतामा बाँध्छ । अनि एउटै शरीरका अङ्गरूझैँ तिमीहरू मिलापको निम्ति बोलाइएका हुनाले ख्रीष्टको मिलापले तिमीहरूका हृदयमा राज्य गरोस् । तिमीहरू धन्यवादी बन । ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस् । भजन, स्तुतिगान र आत्मिक गीतद्वारा सारा बुद्धिसित एकले अर्कोलाई सिकाओ र सम्झाओ अनि आञना हृदयमा कृतज्ञ भई परमेश्वरको निम्ति गाओ । अनि वचनमा वा काममा, जे गर्छौ, येशूद्वारा परमेश्वर पितालाई धन्यवाद चढाउँदै ती येशू ख्रीष्टको नाउँमा गर ।

३:१८–२४

श्रीमतीहरु.............

श्रीमान्हरु.................

सन्तान.....................

सेवकहरु........................

तितस २:१–१५, ३:१–८

## आदिमा (शुरुवातमा)
## श्रीमान् र श्रीमतीको सम्बन्ध

“आदिमा” आदम र हव्वा बिच पूर्णरुपमा “उद्धेश्य” र “गति” को “एकता” थियो किनभने उनीहरुको इच्छा चाहिँ परमेश्वरको इच्छा जस्तै थियो तसर्थ उनीहरु एक अर्कासँग सिद्ध “सहमति” मा थिए । उनीहरु “आत्मा” मा र “मन”मा एक थिए, एकै साथ “सुसमाचारको विश्वासमा एकैसाथ” त्यो चाहिँ परमेश्वरको इच्छामा लम्की रहेका थिए ।

मण्डलीको अगुवाहरु भए पछि हाम्रो विवाहहरु अरुको लागि उदाहणिय हुनुपर्दछ ताकि हामी मण्डलीमा विवाहहरु र परिवारहरुको लागि “नमूना” बन्न सकौं । ताकि हामी भन्न सकौं कि “दाजु भाई दिदी बहिनी” “हाम्रो उदाहरण”लाई पछ्याउनुहोस् । तसर्थ हामीले परमेश्वरको नमूनालाई (उहाँको वचन) पछ्याउनु पर्दछ ।

शैतानले स्त्री र पुरुषको यो एकतालाई देख्यो – एक अर्का र परमेश्वरसँग सिद्ध सहमति– उसले एक अर्काको विरुद्ध र परमेश्वरको उद्धेश्य विरुद्ध उभाउनको लागि “योजना” बनायो ।

शैतानको योजनामा हव्वालाई पहिले **आफ्नो इच्छा पुरा गर्न** र आदम र परमेश्वरदेखी स्वधिनमा रहन लगायो ।

जब पाप पस्यो **परमेश्वर केन्द्रित** तसर्थ **अरु केन्द्रित** भन्दा हामी "**आफै केन्द्रित**" जीवन जीउने बन्यौं ।

**अब देखी उसो "सुसमाचारको विश्वासमा एकैसाथ लम्कीने परमेश्वरको उद्धेश्य, होइन ।"**

**आफुले आफ्नो सेवा गर्ने र स्वइच्छा पुरा गर्ने** चाहिँ एक अर्काको इच्छा पुरा गर्ने र सेवा गर्ने  महत्वपूर्ण हुदै गयो ।

जब **पाप** पस्यो पुरुष र स्त्री **आफैमा केन्द्रित** बन्न लागे ।

उत्पत्ती ३:७,८ पापको कारणले आदम र हव्वाले पहिले आफुले आफूलाई ढाके । दोस्रो उनीहरु परमेश्वर देखी लुके ।
शत्रु को हो भनि ठम्याउन नसक्ने गरि उनीहरु दोधारमा परे ।
उत्पत्ती ३:१२,१३ उनीहरुले आफ्नो पाप स्वीकार्न र पश्चाताप गर्न इन्कार गरे तर त्यसको सट्टामा उनीहरु **दोष** लगाउन र किन र के भयो भन्ने कुरामा **आत्मा रक्षा** गर्न लागे ।

हामीले एक अर्का र परमेश्वर प्रति गरेका  हाम्रो पापहरुको स्वीकार गर्नुपर्दछ र पश्चाताप गर्नु पर्दछ र क्षमा माग्नुपर्दछ ।
**तर अब येशू**को कारण हामी "एक आत्मा, एक मन" हुनलाई फर्कन सक्छौं र सुसमाचारको विश्वासको लागि **एकै साथ** अगाडि बढ्न सक्छौं ।

येशूले मानिसलाई परमेश्वरमा छुटकारा दिनुभयो र परमेश्वरसँगको वास्तविक सम्बन्धलाई पुर्नस्थापना गर्नुभयो र पाप भन्दा पहिलेको स्थितीमा ल्याउनुभयो जहाँ एक अर्कासँग एक हुन सक्ने क्षमता थियो ।

अब हामी परमेश्वरले राख्नुभएको विवाह र सम्बन्धको लागि वास्तविक योजनामा जान सक्छौं र परमेश्वरको वचनको सिद्धान्तहरुमा बनिएका हामीमा भएको पवित्र आत्मासँग जसले हाम्रो मनहरुलाई पुर्नजीवित पार्नुहुन्छ र हामीलाई फेरि सशक्तिकरण गर्नुहुन्छ
आफु केन्द्रित होइन तर **अरु केन्द्रित**
स्वर्निभर होइन तर **एक अर्कामा र्निभर**

इदि हामी येशू ख्रीष्टका हौं र उहाँद्धारा जन्मेका र परमेश्वरसँग यो आत्मिक सम्बन्ध छ भने यो सबै भन्दा पहिला हामी एक अर्का बिचको सम्बन्धमा देखापर्नुपर्दछ ।

श्रीमान्को संसारमा पहिलो सेवाकाई उसको आफ्नो श्रीमती र सन्तानसँग हो त्यस पछि मात्र अरुहरुसँग ।

उत्पत्ती १८:१९ अब्राहामले उसको सन्तान र घरानालाई "परमेश्वरको मार्गमा" हिड्नको लागि आज्ञा दिएका थिए ।

अयूब १:१ तिनी निर्दोष र सोझो जीवन बिताउँथे तिनले परमेश्वरको डर राख्थे र दुष्टतादेखि अलग रहन्थे ।

१:५ भोजको समय सिद्धिएपछि अयूबले तिनीहरूलाई बोलाएर शुद्ध पार्थे । "शायद मेरा छोराछोरीहरूले पाप गरे, आफ्ना हृदयमा ईश्वर–निन्दा गरे होलान्" भनी सम्झेर तिनले बिहान सबेरै तिनीहरू हरेकको निम्ति एउटा– एउटा होमबलि (उनीहरुको लागि प्रार्थना र अन्तरबिन्ती) चढाउँथे । यो अयूबको नियमित चलन थियो ।

श्रीमतीको संसारमा पहिलो सेवाकाई चाहिँ उसको श्रीमान् र त्यसपछि उसको सन्तान र त्यसपछि अरुहरु हो ।

हितोपदेश ३१:११,१२,२७

तिनका पतिले तिनीमाथि पूरा भरोसा गर्छन् , र उनलाई कुनै असल कुराको अभाब हुदैँन ।

तिनले आफ्नो जीवनकालभरि नै हानि होइन तर असल कुरा दिन्छिन् ।

तिनले घरका काम धन्दाको हेर विचार गर्छिन्, अनि परिश्रमको भोजन (गफ, असन्तुष्टता र आफैले आफुलाई विचारा भन्ने कुराको होइन) खान्छिन् ।

## अभिभावक

हितोपदेश २२:६

"बालकलाई ठीक बाटोमा हिडँने तालिम देऊ, र त्यो ठूलो भएपछि त्यसदेखि तर्केर जानेछैन ।"

**तालिम र शिक्षामा** फरक छ ।
हामी मध्ये धेरै जसोले बच्चाहरुलाई **शिक्षा** दिइरहेका छौं कि उनीहरु कुन बाटो हिड्नुपर्दछ, तर उनीहरु जानुपर्ने बाटोमा हिड्नको लागि हामीले **तालिम** दिइरहेका छैनौं । बच्चालाई उसको इच्छानुसारको आज्ञाकारिता र भरोसामा अभिभावकलाई प्रतिउत्तर दिन तालिम दिन सकिन्छ ।

**तालिम दिनुः** चरित्र र्निमाण, अभ्यासद्धारा सुझाब, प्वाल पार्नु, अरुहरु प्रति आज्ञाकारि बनाउनु, निश्चित दिशातिर राख्नु, प्रतियोगिताको लागि तैयार गर्नु । **जीवन**को प्रतियोगिता ।

**हामी सबै**ले हाम्रो बच्चाहरुलाई कुनै न कुनै तरिकामा तालिम दिइरहेका हुन्छौं, सचेतता वा ध्यान नदिई ।

शमूएललाई भनिएको कुरा सुन्न र आज्ञापालन गर्न तालिम दिइएको थियो :

एलीका छोराहरु अनाज्ञाकारि र अनैतिक थिए । एलीले उनीहरुलाई सिकाएका थिए तर परमप्रभुको मार्गहरुमा उनीहरुलाई तालिम दिएनन् । “उनीहरुले आफ्ना बुबाको कुरा सुनेनन् । किनकि उनको छोराहरुले आफ्नो लागि अर्धम कमाए र उसले तिनीहरुलाई यस्तो हुन देखी रोकेनन् । उसले आफ्ना छोराहरुलाई परमप्रभुलाई भन्दा ज्यादा आदर दिएका थिए ।”
१ शमूएल २:२९

**कसरी तालिम दिने ???**

हितोपदेश २२:१५ “बालकको हृदयमा अज्ञानता हुन्छ, तर अनुशासनको छडीले त्यसलाई त्योदेखि टाढो भगाइदिनेछ ।”

हितोपदेश १३:२४ “आफ्नो छोरालाई छडी नलगाउनेले त्यसलाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्नेले त्यसलाई अनुशासनमा राख्छ ।”

हितोपदेश २३:१३,१४ “बालकलाई अनुशासन गर्न नरोक्, तैले त्यसलाई छडी लगाइस् भने त्यो मरिजानेछैन । बेत लगाएर त्यसलाई सजाय दे, र त्यसको प्राणलाई मृत्युबाट रक्षा गर् ।”

हितोपदेश २९:१५ “सुधारको छडीले बुद्धि प्रदान गर्छ, तर छाडा छोडेको छोराले आफ्नी आमाको बेइज्जत गर्छ ।”

हितोपदेश १९:१८ “आफ्नो छोरालाई अनुशासन गर, किनकि त्यसमा आशा हुन्छ, त्यसको मृत्युमा सहभागि नहोऊ ।”

हितोपदेश २९:१७ “आफ्नो छोरालाई अनुशासन गर्, र त्यसले तपाई शान्ति दिनेछ, त्यसले तेरो प्राणमा अति आनन्द ल्याउनेछ ।”

परमेश्वरको वचनले जे भन्छ के म त्यसमा विश्वास गर्छु ? वा हाम्रो समाजले उत्तम जान्दछ ?

हिब्रू १२:६,७ “किनकि परमेश्वरले आफूले प्रेम गरेकाहरूलाई अनुशासन गर्नुहुन्छ, अनि आफूले पुत्र भनी ग्रहण गरेकाहरूलाई उहाँले दण्ड दिनुहुन्छ । कठीनतालाई अनुशासन ठानी भोग; किनकि परमेश्वरले तिमीहरूलाई पुत्रझैँ व्यवहार गर्नुहुदैँछ । पिताले अनुशासन नगरेको कुन चाहिँ पुत्र हुन्छ र ?”

हितोपदेश २०:३० “मुक्का र चोटहरुले दुष्टता पखालिन्छ, र पिटाइले भित्री मनुष्यत्व खारिन्छ ।”

विलाप ३:२७ “जवान छँदै जुवा बोक्नु मानिसको निम्ति असल हुन्छ ।”

“छडी” **कहिल्यै पनि रिस, बेखुशि वा अस्वीकार**सँग आउनुहुदैँन किनकि अभिभावकले बच्चालाई धिरज प्रेम आत्मामा परमेश्वर प्रति आज्ञाकारि बनि ताडना दिनुपर्दछ । यदि हामी निरन्तर कचकच र गालि गर्ने भएमा हामी बच्चा प्रति हिशांत्मक बन्न आवश्यक हुन्छ किनकि उसमा कुनै किसिमको सुधार आएको छैन ।

बच्चाले सिक्नेछ कि छडी चाहिँ उसको भलाईको लागि हाम्रो महान् प्रेम हो ।

जसरी परमेश्वरले हामीसँग वयस्क अवस्थामा गर्नुहुन्छ । भजन ११९:६५, ७१, ७५

सुज्याना वेस्ली भन्नुहुन्छ “जबसम्म ऊ चुप लागिनन् मैले उसलाई बेसरी र्हिकाए र बिस्तारै जब सम्म ऊ रोएन ।”१७ जना बच्चाहरुको आमा र प्रचारकको श्रीमती ।

बिना मतलबको छडी चाहिँ तालिम होइन ।

**हामीले किन, कसरी र कहिले अनुशासन गर्छौं भनि योजना हुनुपर्दछ । हामी हाम्रो अनुशासन प्रतिको हाम्रो व्यवहार प्रति सजक हुनुपर्दछ । हामी आफै पनि अनुशासित हुनुपर्दछ । (त्यो चाहिँ एकदम कठिन भाग हो ।)**

हामीले उनीहरुको सुरक्षाको लागि पर्खाल बनाउनु पर्दछ, हाम्रै आफ्नो आरामको लागि होइन ! तपाई र परमेश्वरको वचनद्धारा राखिएको पर्खाल भित्र नै उनीहरुले सुरक्षा र स्वतन्त्र प्राप्त गर्छन् ।

# सर्मपण

त्यो बनावट जसले विवाहलाई सहयाता गर्छ

सर्मपण चाहिँ : **हृदयको व्यवहार हो** जहाँ हामी स्वइच्छाले ख्रीष्टको आदरको लागि अर्को व्यक्तिको **आवश्यकताहरु, इच्छाहरु, अधिकारहरु, र किर्ति**लाई आफ्नो भन्दा अगाडि राख्नु हो ।

**फिलिप्पी २:१–८**
**रोमी १२:३,१०,१७**
**तितस ३:१,२**
**कलस्सी ३:१७,१८**

सर्मपण चाहिँ आफ्नो **चुनाव** हो ।
सैनिकमा भए झैँ निश्चित ठाउँ १ कोरन्थी ११:३

सर्मपणको नतिजाहरु :

व्यक्तिगत बृद्धि र पुरा हुनु

| | |
|---|---|
| क. ख्रीष्टमा बढ्नु | यूहन्ना १४:२१ |
| ख. आनन्द | भजन १६:११, एफिसी ५:१८–२१ |
| ग. शान्ति | गलाती ५:२२, फिलिप्पी ४:६,७ |
| घ. सुन्दरता | १ पत्रुस ३:३,४ |
| ङ ताकत | फिलिप्पी ४:१३ |
| च. परमेश्वरको सुरक्षा | भजन ९१:१, १ कोरन्थी १०:१३ |
| छ. स्वतन्त्रता | २ कोरन्थी ३:७ |
| ज. प्रेम | गलाती ५:२२ |
| झ. सुरक्षा | हितोपदेश १०:८ |

**सहसहयोगी, सहयोगी :**

जसले आफ्नो श्रीमान्लाई सहयोग गर्छ परमेश्वरले चाहानुभएको जस्तै उनीहरु बन्छन्, उनीहरु परमेश्वरले चाहेको जस्तै बनेमा ।

सहसहयोगी :

तपाई विश्वास गर्छन्

तपाई जस्तै हुनुहुन्छ त्यसतै नै तपाईलाई स्वीकार गछर्न्

तपाईको भावनालाई बुझ्छन्

तपाईमा इच्छुक हुन्छन् ?

तपाईमा सहयोगी छन् ?

समर्पण चाहिँ प्रेम कार्यमा हो , यसले तपाईको श्रीमान्लाई उहाँ बहुमुल्य हुनुहुन्छ र आफ्नो भन्दा उहाँको आवश्यकताहरु धैरै महत्वपूर्ण छन् भन्ने सन्देश दिदँछ ।

## दैविय क्रम

"अब म तिमीहरूले यो थाहा पाओ भनी चाहन्छु कि हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ, स्त्रीको शिर पुरुष हो, र ख्रीष्टका शिरचाहिँ परमेश्वर हुनुहुन्छ ।"
१ कोरन्थी ११:३

ख्रीष्ट, जो परमेश्वर हुनुहुन्छ र पितासँग बराबर हुनुहुन्छ, पिताको अधिनमा हुनुहुन्छ । मानिस ऊ भन्दा माथिको अधिकारीहरुसँग अधिनमा हुदँछ : परमेश्वर र अरुहरु (सरकार, पुलिस, मालिक) यद्यपि, सबै मानिसहरु बराबर छन् ।

श्रीमती चाहिँ उसको श्रीमान्को अधिनमा हुदँछ, यद्यपि ऊ उसको श्रीमान्सँग बराबर छ । बच्चाहरु उनीहरुको अभिभावको अधिनमा हुदँछ, यद्यपि उनीहरु तल्लो स्थानमा हुदैँनन् । परमेश्वरले अधिकारको यो क्रमलाई प्रयोग गर्नुहुन्छ कि हामीले सुरक्षा र धेरै भन्दा धेरै खुशि प्राप्त गरोस् ।

**सर्मपण :**

यो श्रीमतीको दायित्व हो । एफिसी ५:२२,२३
१ पत्रुस ३:१–६, १ कोरन्थी ११:३,८,९, १ तिमोथी २:११–१२, तितस २:२–४, कलस्सी ३:१७,१८,२३

जब तपाई स्वइच्छाले, प्रेमले आफ्नो श्रीमान् प्रति सर्मपित हुनुहुन्छ, तपाईको नरम आत्मा र प्रेमले तपाईको श्रीमान्ले तपाईलाई असल र खुशी र तपाईलाई सुरक्षा दिन प्रोत्साहित गर्दछ ।

यो तोकिएको स्थान होइन (तपाईलाई यो लिनको लागि करकाप लगाउदैन तर यो तपाईको चुनाब हो–जसरी ख्रीष्ट येशूलाई बनाउनुभयो ।

बचनले देखाउदँछ कि श्रीमतीको सर्मपणता निरन्तर जीवन शैली हुनुपर्दछ । ग्रीक क्रिया वर्तमान कालमा प्रयोग गरिएको छ ।

यो गर्नुनै पर्दछ, स्वइच्छामा होइन, ग्रीक क्रिया चाहिँ आज्ञात्मक भावमा छ ।
तपाईको सर्मपणता श्रीमान्को उ प्रतिको व्यवहारमा आधारित हुदैँन नत उसको क्षमताहरु, प्रतिभाहरु, बुद्धि, शिक्षा, वा आत्मिक स्थान ।

सर्मपण चाहिँ आत्मिकी कुरा हो, यो चाहिँ "जसरी प्रभुमा भयो" त्यसरि नै होस् ।
श्रीमान् प्रति सर्मपण हुन अस्विकार चाहिँ परमेश्वर प्रति विद्रोह गर्नु हो ।

श्रीमान् प्रतिको सर्मपण चाहिँ उसको परमेश्वर प्रति प्रेमको जाचँ हो । कलस्सी ३:१७

सर्मपण चाहिँ श्रीमतीले आफ्नो प्रतिभाहरु, क्षमताहरु, स्रोतहरु, श्रीमान्को अधिकारमा शक्ति प्राप्त गर्नु हो । श्रीमतीले उसको सबै क्षमताहरुलाईं श्रीमान् र परिवारको भलाईको लागि श्रीमान्को ब्यवस्थापनमा प्रयोग गर्दछ । ऊ उसको श्रीमान्को टिमको सदस्य एउटै उद्धेश्यको लागि लागि रहेको हो ।

## **सहसहयोगी**

सहसहयोगी :

उसको श्रीमान्मा विश्वास गर्दछ/श्रीमान् जस्तो छ त्यसतै नै स्वीकार गर्दछ/श्रीमान्लाई बुझदँछ/श्रीमान्मा चाख राख्दछिन् ।

सहसहयोगी चाहिँ : ताल्चाको साँचो, क्यामेराको फिल्म ।

श्रीमतिको रुपमा : परमेश्वरले तपाईको लागि राख्नुभएको उद्धेश्य र योजना चाहिँ तपाईले तपाईको श्रीमान्को सेवा पहिले गर्नु हो । १ कोरन्थी ११:९ येशू हाम्रो उदाहरण हुनुहुन्छ फिलिप्पी २:१–७ ।

श्रीमतीले श्रीमान्लाई "**सहयोग**" गर्ने तरिकाहरु हितोपदेश ३१:११,१२

१. घरलाई सुरक्षित ठाउँ बनाउनु, उत्साहको, सान्त्वनाको, एक अर्कालाई बुझ्ने ठाउँ, शरणस्थान ।

२. भरोसा योग्य र भर पर्नु हितोपदेश ३१:११,१२

३. असल व्यवहारलाई कायम राख्नु फिलिप्पी ४:५–८

४. प्रेममा, खुल्ला भएर, इमान्दारीताका साथ छलफल गर्नुहोस् हितोपदेश १२:१४

५. तपाईको स्थान, सम्पत्ती र तपाईको काममा सन्तुष्टि हुनुहोस् फिलिप्पी ४:११–१३

६. धैँय धारण गर्नुहोस्, क्षमा दिने, सहनशिल हुनु एफिसी ४:२,३,३१,३२

७. उहाँको समस्याहरुमा, वास्ताहरु , काम, बानिहरुमा इच्छुकता देखाउनुहोस्

८. व्यवसायी बन्नुहोस्, किफायती र परिश्रमि हितोपदेश ३१:१२,२२,१९,२४

९. सुझाबहरु दिनुहोस्, र प्रेममा सच्याउनुहोस् हितोपदेश ३१:२६

१०. आफैलाई आर्कषित बनाउनुहोस् र भित्री सुन्दरतालाई कायम राख्नुहोस् हितोपदेश ३१:३०

११. स्वस्थ आत्मिकी जीवनलाई कायम राख्नुहोस्

१२. बच्चाहरुलाई हुर्काउनलाई सहयोग गर्नुहोस् हितोपदेश ३१:२८

१३. बच्चाहरु र अरुमा उहाँ प्रति विश्वासयोग्यता बनाउनुहोस् । श्रीमान् प्रति श्रीमतीको व्यवहारलाई बच्चाहरुले चाडैँ सिक्दछन् ।

१४. धन्यबादि हुनुहोस् हितोपदेश ३१:२०,२७

१५. उहाँको निर्णयहरुमा विश्वास देखाउनुहोस् हितोपदेश ३१:२३,२५

यी कुराहरुले तपाईको श्रीमान्लाई उहाँ तपाई भन्दा ज्यादा मुल्यवान हुनुहुन्छ र उहाँको आवश्यकताहरु तपाईको भन्दा ज्यादा महत्वपूर्ण छन् भन्ने सन्देश दिदँछ ।

**सहसहयोगी**

| | **बुद्धिमान्** | **मूर्ख** |
|---|---|---|
| १. | सभाल्नु | विरुद्ध हुनु |
| २. | पूरा गर्नु | प्रर्तिस्पर्धि |
| ३. | मिल्नु | आफैको सेवा गर्नु |
| ४. | सुरक्षा दिनु | बाहिर देखाउनु |
| ५. | पछ्याउनु | असाध्यै दुःख दिने |

सर्मपण चाहिँ दिनु हो :

सर्मपणको सम्बन्धमा, मेरो प्रश्न चाहिँ “तपाईको आवश्यकताहरु, इच्छाहरु के हुन् , र म कसरी तपाईको सेवा गर्न सक्छु ?”

जब पुरुष उसको श्रीमतीको जीवनको केन्द्र बन्दछ, नगन्य मात्रामा उसले अरु स्त्रीहरुको खोजी गर्दैन । यौन कहिल्यै पनि पुरुषको अनैतिक जीवनको प्राथमिक कारण होइन । उ जहिले पनि यस्तो स्त्रीको खोजीमा हुदँछ (१) उ जस्तो छ त्यसतै स्वीकार गरिएको, (२) उसको प्रशंसा गरिएको, (३) उसको आवश्यकता भएको र (४) स्त्रीको जीवनमा उसलाई पहिलो स्थान दिइएको ।

**श्रीमतीको आफ्नो जीवनमा प्राथमिक सेवाकाइ चाहिँ उसको श्रीमान् हो ।**

१. परमेश्वरले स्त्रीलाई पुरुषको सहयोगी बनाउनुभयो : स्त्री बिना पुरुष अपूर्ण थियो । उत्पत्ती २:१८

२. परमेश्वरले उसलाई उपयुक्त सहयोगी बनाउनुभयो : एफिसी ५:२२, १ पत्रुस ३:१

३. उसलाई पुरुषसँग पारस्परिक सम्बन्धको लागि सृष्टि गरिएको हो : स्त्री पुरुषको प्रशंसा हो, जसरी ताल्चाको चाबि वा क्यामराको फिल्म–अलग गर्न नसकिने

४. श्रीमतीले उसको श्रीमान्को आवश्यकताहरु, कमिहरु र अपूर्णताहरु पुरा गर्न बनाइएको हो “उसको पुरै जीवनकाल भरि असल गर्न र दृष्टता गर्न हौइन” हितोपदेश ३१:१२

उसले कहिल्यै पनि उसको श्रीमान्लाई नोक्सान पुऱ्याउनु हुदैँन नत उसको श्रीमान् प्रतिको उसको सेवकाइमा ।

श्रीमान्को सात आधारभूत आवश्यकताहरु/विवाहको निमार्णको लागि इँट्टाहरु

१. श्रीमान्ले यस्तो श्रीमतीको आवश्यकता जनाउदँछ जसले उसलाई पुरुषको रुपमा आदर गर्दछ ।

२. यस्तो श्रीमतीको आवश्यकता हुदँछ जसले उसलाई अगुवाको रुपमा स्वीकार गर्दछ ।

३. यस्तो श्रीमती जसले उसले उसको निम्ती गरेको र गरिरहेको हरेक कामको प्रशंसा गर्दछ ।

४. यस्तो श्रीमती जसको चरित्र र असल कामहरुको प्रशंसा अरु मानिसहरुले गर्दछ ।

५. यस्तो श्रीमती जसले निरन्तर भित्री र बाहिरी सुन्दरतालाई विकाश गर्दछ ।

६. यस्तो श्रीमती जसले उसलाई प्रेममा आग्रह गर्दछ ।

७. यस्तो श्रीमती जसले उसलाई परमेश्वरसँग एक्लै गुणस्तरिय समय बिताउन अनुमति दिदँछ र यसको लागि वातावरण तैयार गर्दछ ।

**BEST**

**B**LESS **E**DIFY **S**HARE **T**OUCH

आशिष् सुधार्नु बाढ्नु

छुनु

उत्तम विवाहको लागि लेख :

**आशिष्** (eulogia)– eu “राम्रो” logos “वचन” हितोपदेश १८:२०,२१

१. तपाईको श्रीमान् वा श्रीमतीलाई आशिष् दिने पहिलो तरिका चाहिँ राम्रोसँग कुरा गर्नु र राम्रो शब्दहरुले प्रतिउत्तर दिनु हो । एफिसी ४:२९, हितोपदेश १८:२०,२१

हितोपदेश ३१:२६ स्त्रीले प्रशंसा पाउदँछ किनकि उसको मुखले बुद्धिको कुरा गर्दछ र उसको जिब्रोमा दयाका कानून छ ।

तपाईले आफ्नो श्रीमान् वा श्रीमतीसँग बोल्ने शब्दहरुमा तपाईको विवाहलाई आशिष् दिने शक्ति छ । कहिले केहि नबोलि बस्ने हो थाहा पाएर पनि तपाइले तपाईको विवाहलाई आशिष् दिनसक्नुहुन्छ । हितोपदेश १३:३

२. तपाईले व्यवहारिक फाइदाहरु ल्याएर आशिष् ल्याउन सक्नुहुन्छ, जस्तै दयाका कामहरु

३. धन्यबादि र प्रशंसालाई मौखिक भन्ने

४. परमेश्वरको अनुग्रहलाई प्रार्थनामा मागेर तपाईले आशिष् ल्याउनसक्नुहुन्छ ।

असल वचन दयाका कामहरु धन्यबादी प्रशंसा प्रार्थना

बनाउनको लागि **सुधार्नु**

तपाईको श्रीमान्लाई उहाँको व्यक्तित्वको हरेक पक्षमा बनाउनुहोस्, उहाँको जीवनको हरेक क्षेत्रमा उत्साह दिनुहोस्, आफु मुल्यवान छ भन्ने चेतनालाई बढाउनुहोस् ।

सुधार्नुको नतिजा चाहिँ उहाँको प्रेम गर्ने र आफैलाई दिने क्षमतालाई बढाउनु हो ।

सुधार्नु चाहिँ व्यक्तिगत उत्साह, भित्री ताकत र अरुहरुसँग शान्ति र मिलाप स्थापना गर्नु हो ।

"यसकारण हामी ती कुराहरूमा सलङ्गग्न रहौं, जुन कुराले शान्ति र आपसी विकास हुन्छ ।" रोमी १४:१९

उसको भलाइ र उन्नतिको निम्ति हामीले हाम्रा छिमेकीलाई प्रसन्न राखौं । रोमी १५:२
श्रीमान्ले आफ्नो श्रीमतीको प्रशंसा गरेर सुर्धाछ ।
श्रीमतीले आफ्नो श्रीमान्लाई प्रेमिलो प्रतिउत्तर दिएर सुर्धाछ ।

सुधारले बनाउदँछ कहिल्यै पनि भत्काउदैन !!!

फिलिप्पी ४:८ तपाईको श्रीमती वा श्रीमान्मा आर्कषित कुरा खोज्नुहोस्, तपाईको श्रीमान्मा भएको हरेक सकरात्मक गुणहरु ।

यो पद तपाईको मुखमा भरिओस् ।

मैले के भने भने मेरो श्रीमान्मा सुधार ल्याउन सकिन्छ, बढाउन सकिन्छ, उत्साह दिन सकिन्छ, ताकत दिन र शान्ति ल्याउन सकिन्छ ।

दुवै श्रीमान् र श्रीमतीलाई शब्दद्धारा, ध्यान केन्द्रित गरेर र आखाँमा आखाँ लगाएर र प्रेमिले छुवाइद्धारा उत्साहको नितान्त आवश्यक पर्दछ ।

**सुधारको लागि ग्रीक शब्द – oikodomeo– oikos "परिवार, घर" र demo "भवन" । जब तपाई एक अर्कालाई सुधार्नु हुन्छ वा बनाउनुहुन्छ, तपाईहरुले मिलेर घरलाई बनाउदै हुनुहुन्छ ।**

**बाढ्नु**

बाढ्नुले जीवनको हरेक क्षेत्रहरुलाई छुनु पर्दछ – तपाईको समय, क्रियाकलापहरु, रुचि, र वास्ताहरु, विचारहरु, भित्री विचारहरु, आत्मिकी हिडाइँ, परिवारिक प्राप्तीहरु र उद्धेश्यहरु ।

बढिएको समय, बाढिएको क्रियाकलापहरु, बाढिएको रुचिहरु र बाढिएको अनुभवहरुले बाढिएको भावनाहरु र बाढिएको आत्माविश्वास तिर डोऱ्याउदँछ ।

जब तपाईले आफ्नो अनुभवहरुलाई बाढ्नुहुन्छ, सहि समय र परिस्थीतिलाई कुर्नु होस् । जति सक्छ त्यति आफ्नो अनुभवहरुलाई तर्कपूर्ण प्रस्तुत गर्नुहोस् ।

“अनुभव शब्द चित्रहरु”लाई प्रयोग गर्न कोशिस गर्नुहोस्
अनुभव शब्दहरु मानिसको रुचि वा विगतको अनुभवहरुसँग सम्बन्धित होस् :

- मलाई यस्तो लाग्छ कि म ६० मिनेटको क्यासेट हुँ र तपाईले मलाई रोमान्टीक रुपमा राती १० मिनेट बजाउनु भयो ।
- म दिनभरि फोहर ट्रक धोएको रुमाल जस्तै भएको अनुभव गर्दछु ।
- म २ घन्टा पुरानो ह्यामबर्गर जस्तै भएको छु चिसो ।
- म ठूलो माछा समातेको जस्तै न्यानो अनुभव गरिरहेछु ।
- म आफुलाइे १८ वटा प्वालहरुमा हान्निएको महत्वपूर्ण खेल पछि गल्फको बल जस्तो महसुस गरिरहेको छु , त्यागिएको वा वास्ता नगरिएको ।

संवाद चाहिँ क्षमता हो :
१.यस्तो तरिकामा बाढ्नु कि अर्को व्यक्तिले बुझोस् र जे भनिएको छ त्यो स्वीकार गरोस् ।
२. यस्तो तरिकामा सुन्नु कि अर्थ र पोखिएको अनुभवलाई बुझि प्रतिउत्तर दिनु ।

हामी संवाद :

**७% शब्दहरु** **३८% स्वर** **५५% हाउभाउ**

**छुनु**

छुवाईले हामी वास्ता गर्छौं भनि बताउदँछ, हाम्रो डरहरुलाई शान्त गराउदँछ, दुःखलाई राहत दिन्छ, सान्त्वना ल्याउदँछ, हामीलाई भावनात्मक सुरक्षाको आशिषीत् सन्तुष्टि दिदँछ ।

यौनले पुरा गर्न नसकेको धेरै जसो भावनात्मक आवश्यकताहरु साधारण छुवाईद्धाराको बाढिएको प्रेमले पुरा गर्दछ । हाम्रो विज्ञहरुले विश्वास गरिएको कुरामा आश्चर्य छैन कि समाजको यौन सम्बन्धि पूर्वधारणा हो कि यो न्यानोपन, पुनःआश्वासन र यौन बिनाको घनिष्ट छुवाइँको नितान्त गहिरो,  असन्तुष्टता हो ।

## सुधारको लागि नौं तरिकाहरु

"लभ लाइफ" डा. एड विट्

१. तपाई आफ्नो सहयोगीको शब्द, विचार वा कार्यको बारेमा कहिल्यै पनि आलोचक नहुने अटल निर्णय लिनुहोस् । निर्णय जो कार्यमा परिणत हुनेछ !

२. सहयोगीलाई अध्ययन गर्नुहोस्–तपाईको सहयोगीले कमि महशूस गरेको क्षेत्रको बारेमा संवेदनशिल हुनुहोस् र उहाँलाई बनाउने तरिकाहरु सोच्नुहोस् ।

३. तपाईको सहयोगीमा तपाईले प्रशंसा गर्नको लागि सकरात्मक गुणहरु र व्यवहारलाई हरेक दिन सोच्नुहोस् ।

४. निरन्तर प्रशंसाको शब्दहरु बोल्नुहोस् । इमान्दार हुनुहोस्, विषयगत हुनुहोस्, उदार हुनुहोस्, तपाईले "बोलेको" शब्दद्धारा सुधार गर्नुहोस् ।

५. उहाँको कामको लागि तपाईको आदरलाई बताउनुहोस् ।

६. तपाईको श्रीमान्लाई तपाईको जीवनको महत्वपूर्ण व्यक्ति हुनुहुन्छ भनि देखाउनुहोस्–जहिले पनि उहाँको विचारलाई खोज्नुहोस्, उहाँको न्यायलाई मुल्य दिनुहोस् ।

७. शारिरक र अनुहारबाट प्रतिउत्तर दिनुहोस् ।

८. जहिले पनि एक अर्का प्रति महान् इमान्दारीतालाई प्रकट गर्नुहोस् ।

९. श्रीमान्हरुले आफ्नो श्रीमतीहरुलाई एकान्तमा र समुहमा स्नेह देखाउनुहोस् ।

१ पत्रुस ३:९–१२ रोमी १२:१४–२१

## भित्री सुन्दरताको ६ गुणहरु

१.साहास :
आशालाई नछोडी उद्धेश्यलाई पछ्याउनलाई भित्री समपर्ण ।
जब स्त्रीको असल विवाहको आशा हराउदै जान्छ, श्रीमान् प्रतिको उसको आर्कषण हराउदै जान्छ र सम्बन्धको जीवन विस्तारै खस्दै जान्छ ।

तपाईको साहासलाई बढाउनको लागि पहिलो चरण चाहिँ पुरा गर्ने सम्बन्धलाई सक्रियतामा पछ्याउने समपर्ण हो ।

दोस्रो चरण चाहिँ दबाबलाई सहनु । दबाबलाई सहनको लागि आफुलाई समर्पण गर्नुहोस् ।

२. जिद्दी हुनु :
उद्धेश्य प्राप्त नहुन्जेल पछ्याई रहने ।

३. धन्यबादी :
अरुबाट प्राप्त गरेको फाइदाको लागि धन्यबादी हुनुहोस् ।
उहाँ जो हुनुहुन्छ जस्तो हुनुहुन्छ त्यसको लागि धन्यबादी हुनुहोस् ।
तपाईको विवाहमा अपेक्षाहरु ध्वंत गर्ने शक्ति हो ।

४. शान्त :

भित्री शान्ति जसले तपाईलाई डर बिना दबाबपूर्ण परिस्थीतिमा प्रतिक्रिया गर्न अनुमति दिदँछ ।

अनावश्यक रुपमा प्रतिक्रिया गर्न तपाईलाई नियन्त्रण गर्दछ , “दीन र शान्त आत्मा”

५. भलादमी :

अरुको भावनाहरुलाई कदर गरेको देखाउने ।

जति धेरै हामी कुनै चिजलाई मुल्य दिन्छौं, त्यति धेरै त्यसलाई हामी नरम भएर समाल्छौं ।

६. निस्वार्थ प्रेम :

अर्को व्यक्तिको आवश्यकताहरुलाई पुरा गर्ने कार्य समावेश भएको ३ किसिमको प्रेम :

१. स्नेह– कसैले हाम्रो आवश्यकताहरुलाई पुरा गरिएको आधारमा वा हाम्रो अपेक्षाहरुनुसार जीउनु ।

२. लालसा वा वासना– यौन पुर्तिको हाम्रो आवश्यकता वरपर केन्द्रित

३. शुद्ध प्रेम– अरुको आवश्यकताहरुलाई खोज्दछ र ति आवश्यकताहरुलाई पुरा गर्ने मौकाहरु खोज्दछ ।

- शुद्ध प्रेमले भन्दछ “मैले तिम्रो आवश्यकताहरु देख्दछु , त्यसलाई पुरा गर्न मलाई देऊ ।”

  अरुको आवश्यकताहरु पुरा गर्ने तर्फ निर्देशित कार्य ।

## विवाह क्षमता लक्षणहरु

१. यथाकाल व्यवस्था र लचकता

परिवतर्न हुनको लागि सक्षम

प्रस्तान २ नदिहरु पहिले छिटो छिटो, तहस नहस तरिकामा, एक अर्कासँग गर्जदै वहन्छ , तर दुई नदिहरु मिले पछि यो ठूलो, गहिरो र शक्तिशालि हुदँछ ।

२. समानुभूति :

आवश्यकताहरु, मनका चोटहरु र अरुको इच्छाहरु प्रति संवेदनशिल हुने क्षमता, उनीहरुसँग उनीहरु जस्तै उनीहरुको दृष्टिकोणबाट अनुभव गर्नु ।

३. समस्याहरु बिच काम गर्ने क्षमता :

स्वीकार गर्दै र सहि तरिकाले हटाउदै र आफ्नो भावनाहरुको प्रतिकृयालाई नियन्त्रण गर्दै र स्पष्ट गर्दै र समस्याहरुलाई परिभाषित गर्दै र एक साथ काम गर्नु ।

४. प्रेम दिने र प्राप्त गर्ने क्षमता

मौखिक र देख्ने, शारिरिक तरिकाले दिने र जसरी दिइएको छ त्यसरी नै प्रेम प्राप्त गर्ने ।

५. भावनात्मक स्थीरता

निरन्तर, भावनात्मक प्रतिकृयामा भर पर्दै ।

६. दाम्पत्ती दुवैमा समानताहरु

उनीहरुको इच्छा, चाहानाहरु, मन नपर्ने, साथीहरु, शिक्षाको स्तर, धर्म र संस्कृति ।

७. संचार :

जे बोलिएको छ त्यो बुझने र स्वीकार गरिने तरिका बाढ्ने क्षमता ।
जे भनिएको छ त्यसको अर्थ र अनुभवलाई बुझि प्रतिकृया गर्नको लागि ध्यानसँग सुन्ने ।

दाम्पत्तीहरु जसको विवाह खुशिमय छ उनीहरुले आफ्नो शक्तिलाई उनीहरुको "सम्बन्ध" मा ध्यान दिन्छन् । जो थोरै खुशि छन् – उनीहरु विवाहको परिस्थीतिहरुमा ध्यान दिन्छन् जस्तै घर, सन्तान, वा वैवाहिक खुशिको स्रोतको रुपमा सामाजिक जीवनलाई लिन्छन् ।

## संचारको लागि आधारभूत नियमहरु

१. संचारलाई बनाउनको लागि चरणहरु :

सिकाउनु हितोपदेश १३:१८, १८:२, २५:१२

संवेदनशिल/साहानुभूति हितोपदेश १२:२५, २५:२०, रोमी १२:१५, १ पत्रुश ३

सकरात्मक हुनु हितोपदेश १८:८, २०:१९, ३१:११, याकूब ४:११

उपलब्ध हुनु

इच्छुक हुनु हितोपदेश १५:१४, १८:१५

ध्यानसँग सुन्नको लागि सिक्नु याकूब १:१९

स्वीकार्नु, अरुको बारेमा इच्छुक हुनु, असल प्रश्नहरु सोध्ने, हाउभाउलाई राम्रोसँग अवलोकन गर्ने, ध्यान दिने, अवरोध नगर्ने ।

बोल्नलाई सिक्नु हितोपदेश १५:२८, १६:१३, २१–२४

नरमसँग बोल्नु हितोपदेश ९:१३, १५:१,४, २५:१५

विचारपूर्ण बोल्नु हितोपदेश १०:१९, ११:१२, १२:२३, १७:२७

चूप रहनुको महत्वलाई सिक्नु हितोपदेश १३:३, १८:१३

प्रेमसँग बोल्नुरोमी १३:८, १९, एफिसी ४:२९

इमान्दार रहनु एफिसी ४:१५

परमेश्वरको समयप्रति संवेदनशिल हुनु

झगडालाई छल्न सिक्नु भजन १४१:३, हितोपदेश १४:२९, १७:१४, हितोपदेश १८:१, २०:३

२. असल संचारको बाधाहरु :

मूर्खपन

घमण्ड

मेरो विचार

भरोसालाई धोखा दिनु
हतार गर्नु
रिस

बाइबलको खण्ड : हितोपदेश १२:१५, १६:१८, १८:२, २५:९, २९:२०, १४:७,२९, १५:१८, २२:२४, २५, २९:२२, १६:३२, १९:११
उपदेशक ७:९, कलस्सी ३:८, याकूब १:१९–२०

३. हाम्रो बारेमा हाम्रो कुराले के प्रकट गर्दछ ? मत्ती १२:३४–३६
परमेश्वरले हामीले के बोलेको चाहानुहुन्छ ?
हाम्रो कुरामा हाम्रो इच्छा कसरी आउदँछ ?

## विवाहलाई निर्माण गर्ने इँट्टाहरु

१ पत्रुस ३:१–६

**व्यवहार** १ पत्रुस ३:१,२ १ तिमोथी २:९,१०
श्रीमान् आफ्नो "व्यवहार"लाई "अवलोकन" गर
नजिकको हेराई, त्यसमा समाहित हुनु, पुरै ध्यान लगाएर आफ्नो व्यवहारलाई ध्यान लगाउनु
प्रेमिलो जीवनको शान्तमय प्रचारक (श्रीमती) याकूब २:१४, ३:१३,१४

**क. श्रीमतीले आफ्नो श्रीमान्लाई आदरका साथ व्यवहार गर्नु पर्दछ** र आफै पनि आदरको योग्य हुनु पर्दछ, तपाईको व्यवहारले उहाँलाई भन्नुपर्दछ, "पुरुषको रुपमा म तपाईलाई आदर गर्दछु ।"

क. तपाईलाई उहाँको सुरक्षाको आवश्यकता पर्दछ – शारिरिक, मानसिक, भावनात्मक, आत्मिकि । मेरो लागि म नै काफि छु भन्ने व्यवहार तपाईको हुनुहुदैंन । आफुमा नै भर पराइले विवाहलाई नाश गर्दछ । न्यायधिसको अगाडि ल्याउनु (अलग छ)

ख. आधारभूत आवश्यकताहरुको लागि उहाँलाई भन्नुपर्दछ
(भर पर्ने) (प्रशंसा)

ग. अन्य व्यक्तिहरुलाई महान् आदर वा इमान्दारिता नदेखाउनुहोस्
पाष्टर, शिक्षक, आत्मिकी अगुवाहरु, नातेदारहरु वा साथीहरु (सम्मान, तारिफ)

घ. उहाँको आत्मालाई नरोकी वा बादविवाद नगरि उहाँलाई अन्तिम निर्णय लिन अनुमति दिनुहोस् । (समर्पित हुनु)

ङ. शारिरिक रुपमा अस्वीकार गर्नु चाहिँ उहाँको पुरुसत्वलाई नाश गर्नु हो । (गहिरो प्रेम)

च. उहाँलाई लड्नको लागि अनुमति दिनुहोस्, तपाईको निरन्तर साथ र उत्साहलाई प्रकट गर्नुहोस् । (मनोरन्जन)

**ख. तपाई श्रीमती भएर उहाँलाई अगुवाको रुपमा स्वीकार्नु होस्** र उहाँमा विश्वास गर्नुहोस् (प्रशंसा) । भजन १५

क. प्रशंसा गर्नुहोस् जब उहाँ :
इमान्दार, दोष रहित भएर हिड्नुहुन्छ
धार्मिकता, न्यायमा काम गर्नुहुन्छ
उहाँको हृदयमा सत्य बोल्नुहुन्छ र सोच्नुहुन्छ
बदनाम वा गफ गर्नुहुन्न
परमेश्वरको भय मान्छेहरुलाई आदर गर्नु, दुष्ट मानिसहरुलाई घृर्णा गर्नुहुन्छ
जतिसुकै गाऱ्हो भए पनि आफ्नो प्रतिज्ञाहरु राख्नुहुन्छ
मानिसहरुको फाइदा उठाउदैन
घुस खुवाउन सकिदैन
उहाँको आफ्नै चोटहरुमा परिवर्तन हुनुहुदैँन

मानिसहरु जसले प्रशंसा गर्दछ तिनीहरु प्रति आर्कषित हुदँछन् र उनीहरुलाई निच तरिकाले हेर्नेहरुलाई हटाउदँछन् ।

ख. तपाईको प्रशंसाले उहाँको अगुवा हुने क्षमतालाई जागरुक गर्दछ, मौखिक र विषयसँग हुनुहोस् ।

ग. उहाँमा ध्यान दिनुहोस्, तपाईसँग वा अन्य कोहीसँग बोल्दा ध्यान दिनुहोस्, तपाईको प्रशंसा तपाईको अनुहारमा देखिन्छ जब तपाई उहाँलाई सुन्नुहुन्छ । मसँग कति महान् “पुरस्कार” छ भनि ध्यान दिनुहोस् !

<u>तपाईको श्रीमान्को प्रशंसा प्रकट गर्ने तरिकाहरु</u>

१. तपाईको श्रीमान्को सुझाब र विचारहरुलाई खोज्नुहोस्
२. तपाईको श्रीमान्को विगतका दिनहरुको अनुरोध र इच्छाहरुलाई याद गर्न ताकत लगाउनु होस् र समय अनुकुल त्यसलाई पुरा गर्नुहोस् ।
३. जब तपाई अन्य व्यक्तिहरुसँग, सन्तानहरु र परिवारमा हुनुहुन्छ त्यो समयमा तपाईको श्रीमान्मा भएको सकरात्मक गुणहरुलाई ध्यानमा ल्याउने मौकाहरुलाई खोज्नुहोस् । नकरात्मक कुराहरु होइन !
४. तपाईको काम, रुचिहरुलाई प्रशंसा प्राप्त गराउन कोशिस गर्नुहोस्, उहाँले उहाँको कामका गतिविधिहरुलाई कतिको महत्वपूर्ण ठान्नुहुन्छ भन्ने जान्ने कोशिस गर्नुहोस् ।

- ❖ पुरुषको आत्मा सम्मानलाई अरु केहिले पनि त्यति काट्दैन जतिको उसको श्रीमतीलाई साथ दिने उसको सबै कोशिसहरुलाई उसको श्रीमतीले लत्याउँछ ।

५. नकरात्मक प्रतिकृया विना तपाईको श्रीमान्ले के भन्नुहुन्छ ध्यान दिनुहोस् –खुल्ला विचारले सुन्नु
६. २४ घण्टा भित्रमा तपाईको श्रीमान्ले गर्नुभएको वा भन्नुभएको कुराहरु मध्य एक कुरालाई प्रशंसा नदिइ दिन ढल्न नदिनुहोस् ।
७. तपाईको श्रीमान्को व्यक्तिगत लक्ष्यहरुलाई तपाईको संवेदनशिललाई प्रयोग गरि पत्ता लगाउनुहोस् र जब उहाँ त्यसलाई पाउन अगाडि बढ्नुहुन्छ उहाँलाई सहायता गर्नुहोस् ।
८. हाउभाउद्धारा तपाईको श्रीमान्लाई प्रशंसा दिन शुरु गर्नुहोस् ।

जब उहाँ घर आउनुहुन्छ त्यो बेला उहाँले के कुराको वास्ता राख्नुहुन्छ, उहाँको मन पर्ने खाना, ध्यानसँग सुन्नुहोस्, उहाँमा तपाईको आखाँ लगाउनुहोस् । जब उहाँ तपाई सित कुरा गर्नुहुन्छ उहाँलाई बच्चाहरु, टि.भी, भाडाँकुडाँ नदिनुहोस् ।
९. जब तपाई उहाँलाई चोट पुर्‍याउनुहुन्छ तब उहाँको क्षमालाई साँचो इच्छाद्धारा खोज्नुहोस् । "म गलत थिए" के तपाईले मलाई क्षमा दिनुहुन्छ भनेर स्वीकार्नुहोस् ?

**ग. तपाई अरुहरुद्धारा प्रशंसा पाउने श्रीमती हुनुपर्दछ**

१ तिमोथी २:९,१० "स्त्रीहरूले केशको बढी श्रृंगार गरेर सुन, मोती र वस्त्रहरू पहिरेर होइन तर सुशीलता, भद्रता र सभ्यतापूर्वक वस्त्र लगाऊन्, अनि परमेश्वरको सेवा गर्ने स्त्रीहरूलाई सुहाउने गरी असल कामहरू गरून् भन्ने पनि म चाहन्छु । "

१. तपाईको कामहरु र चरित्रको लागि अरुहरुद्धारा प्रशंसा । हितोपदेश ३१:३१ श्रीमतीले आफ्नो श्रीमान्लाई प्रतिबिम्बीत गर्दछ ।१ कोरन्थी ११:७ ...स्त्री चाहिँ पुरुषको महिमा हो ।

क. आत्मिकी अगुवाहरुद्धारा प्रशंसा :
- उनीहरुको आवश्यकता पत्ता लगाउनको लागि
- बुद्धि र विवेक
- तपाईको श्रीमान् र सन्तानको लागि तपाईको प्रेमको लागि
- श्रीमान् प्रतिको तपाईको समर्पणता र आज्ञाकारिताको लागि
- तपाईको उच्च नैतिकताको लागि
- तपाईको घरको व्यवस्थापनको लागि

ख. तपाईको सन्तानहरुले तपाईको प्रशंसा गर्नुपर्दछ
- तपाईको उनीहरु माथि इश्वरिय भक्ति प्रभावको लागि
- तपाईको श्रीमान्सँगको मेलमिलापको लागि
- तपाईको परिश्रमी, किफायति र बुद्धिमतासाथ गरिएको घर व्यवस्थापन
- तपाईको बुद्धि र दया

ग. छिमेकिहरुले तपाईको प्रशंसा गर्नु नै पर्दछ

गरिब र आवश्यकतामा परेकाहरुको तपाईको उद्धारता

तपाईको अतिथि सत्कार

प्रभावमा परेकाहरु लागि सहयोग

घ. मण्डलीले तपाईको प्रशंसा गर्नु नै पर्दछ

सन्तहरु प्रतिको तपाईको वास्ता

विवाहको प्रतिज्ञाहरुमा विश्वासयोग्य

जवान स्त्रीहरुलाई पढाउन सक्ने तपाईको क्षमता

हितोपदेश १२:४
चरित्रवान् र योग्य श्रीमती–चरित्रमा इमान्दार र बलियो–उनको श्रीमान्को लागि आनन्दको मुकुट, तर अपमान ल्याउने पत्नीचाहिँ तिनका हड्डी सड्का् जस्तै हो ।

विवाहलाई निर्माण गर्ने इँट्टाहरु

१. **बाहिरी रुप** : भित्री स्वभावले तपाईको बाहिरी सुन्दरता बनाउदँछ
तपाईको कपाल र कपडाहरु तपाईको श्रीमान्को चुनाव, स्तर र व्यवस्थापनलाई देखाउदँछ ।
घरको रुप चाहिँ उहाँको बुद्धि, व्यवस्था र सुरक्षाको चिन्ह हो । उहाँको घर चाहिँ उहाँको सम्पत्तीहरुको राखनधारण हो ।

श्रीमतीको आत्माले घरको वातावरणलाई बनाउदँछ, घर आउन स्वर्ग गए जस्तो कि नरक ।

२. **व्यवहार :** १ पत्रुस ३:४

क. भलादमी र शान्त आत्मा
सघर्ष छैन

भलादमी–नाश नहुने, मेटाउन नसकिने, वा नाश
चरित्रको ताकत, बलियो आत्मा नियन्त्रण, देख्नमा राम्रो र इज्जत भएको, निश्चल र नियन्त्रीत, अरुलाई केहि बाधाहरु नदिने

दीनता = अधिकारहरु मान्नु र परमेश्वर प्रति अपेक्षाहरु
शान्त आत्मा = ढर र चिन्तालाई जित्नु, दङ्ग नपर्नु र झिझर नमान्नु

ख. धन्यवादी आत्मा
अपेक्षाहरु सबै परमेश्वरमा दिनु भजन ६२:५
केही कुराको अपेक्षा नराख्नु=केहि नभए पनि वा सबै भए पनि धन्यबादि हुनु,
तपाईको श्रीमान्को कुनै पनि प्रेमको प्रमाण ।
परमेश्वरको डरमा सन्तुष्टि सिक्नुहोस् १ तिमोथी ६:६–११

ग. **प्रतिउत्तर** प्रतिकृया गर्नु भन्दा प्रतिउत्तर दिनु हितोपदेश २५:१५
साराले अब्राहामको आज्ञापालन गरे “आज्ञाकारि” कसैलाई नजिकबाट ध्यान दिनु
अरुको आवश्यकतामा सेवा गर्नु, सकरात्मक, सहयोगि प्रतिउत्तर

क. परमेश्वरमा उजुरी गर्ने सिद्धान्तहरु सिक्नुहोस् (तपाई श्रीमान्को बारेमा)
सहिरुपमा परमेश्वरसँग खडा हुनुहोस्
सहि उद्धेश्यहरु राख्नुहोस्
सहि व्यवहार (क्षमा नदिने, पाप होइन)
इमान्दार हुनुहोस् , परमेश्वरसँग सहि हुनुहोस्
बलिदानहरु चढाउनलाई इच्छुक हुनुहोस्

ख. यहि सिद्धान्तहरुलाई श्रीमान्मा पनि लागु गर्नुहोस्

ग. इश्वर भक्ति स्त्रीहरुबाट सिक्नुहोस्, एस्तर=बुद्धिमान उजुरी, रुथ=इमान्दार, सारा=आज्ञाकारि आत्मा

श्रीमान्को परिवारका सदस्यहरु
आर्थिक
यौन

कुरुकक्षेत्र भनेको यस्तो ठाउँ हो जहाँ दुई शत्रुहरु आएर उनीहरुको फरकताहरुको लागि लडाइँ गर्छन् ।

**अभिभावकहरु र श्रीमान्को परिवारका सदस्यहरु** विवाह र विवाहको कोर्टमा हुनुहुदैन । विवाहमा २ जनाले मात्र खेल्नुपर्दछ, अरु सबै जना दर्शकहरु हुन् ।
मेरो विवाह बाहिर मैले मेरो अभिभावकहरुलाई राख्नु मेरो दायित्व हो : मेरो उहाँहरुसँग सम्बन्ध छ, म उहाँहरुको हुँ । उमेर र दुरी भए पनि अभिभावकहरुलाई दर्शकहरु मात्र हुन् ।
श्रीमान्को परिवारका सदस्यहरुको समस्या चाहिँ वास्तविकतामा अभिभावक/सन्तानहरुको समस्याहरु हो ।
अभिभावकहरु विवाहमा रहने तरिकाहरु : रुपैया पैसा, उपहार, व्यवसाय, धर्म, स्तरहरु, संस्कृतीहरु, छुट्टिको दिनहरु, बाजे बज्यै, बिरामी । यदि श्रीमान्ले अभिभावकहरुसँग पुरा भयो भने, उ हार्छ । यदि श्रीमान्ले श्रीमतीको जीवनमा "**पहिलो स्थान**" मा छ भन्ने अनुभव गर्दैन भने **जसले वा जुनसुकैले** पनि उहाँलाई "पहिलो स्थान"मा राख्छ भने रिसाउदँछ । "दुइ एक हुनु पर्दछ" जो कोही बिचमा आउदँछ तपाईले उसलाई "पहिलो स्थान"बाट बाहिर निकाल्नुहुन्छ ।

**सन्तानहरु** श्रीमान्लाई श्रीमतीबाट हटाउदँछ : समय, ध्यान, भक्ति, स्नेह र निस्वार्थी प्रेम । बच्चाहरुले कहिले र कसरी अलग गर्ने र जित्ने थाहा हुदँछ । तपाई ले श्रीमान्लाई पहिलो स्थानमा राख्नाले श्रीमान् वा पिता परिवारको शिर हुनुहुन्छ भनि देखाउदँछ । यसले उनीहरुमा सुरक्षा ल्याउदँछ ।

दाम्पत्ती जो बच्चाहरुलाई अनुशासनमा राख्न सहमति जनाउदैनन् । हामी प्रत्येक अरुको कमजोरीमा सहभागी हुन्छौं । शंका भएको बेलामा तपाईको श्रीमान्लाई पछ्याउनुहोस् ।

**आर्थिक**, यसले श्रीमान्लाई नियन्त्रक र प्रबन्धक भएको 'अनुभव' गराउदँछ । हामी श्रीमतीहरुले श्रीमानहरु परिवारको प्रबन्धकर्ता हो भनि जानेको मन पराउछन् भनि जान्नु पर्दछ । यदि उहाँ आर्थिकमा उत्तम नभए पनि तपाई सहयोगी बन्नलाई ठिकै छ । लेखेर बजेट राख्दा रुपैया पैसाको धेरै समस्याहरु सामधान गर्न सकिन्छ । 'बजेट'ले कहाँ र कसरी पैसा खर्च गर्ने भन्ने निर्णय गर्दछ । परिवारको आर्थिको बारेमा श्रीमतीलाई राम्रो जानकारी हुनुपर्दछ । कसरी, कहिले, कहाँ, को इत्यादि ।

**यौन**

यौनले पुरुषको आत्मा सम्मानलाई बढाउदँछ, उसको पुरुषत्व जब ऊ कमजोर, असुरक्षित, असहाय वा निरास । उसलाई तपाईको सहभागिताको आवश्यक पर्दछ, शरिर मात्र होइन ! ऊ चाहान्छ कि तपाईले उसको शरिरलाई आनन्द उठाएको जान्न चाहान्छ । १ कोरन्थी ७:११

पुरुष चाहिँ छुवाइँ, चित्र, हेराइँमा नै उत्तेजित हुदँछ र उ यौन क्रिडाको लागि तैयार हुदँछ ।

पुरुषको लागि यौन के हो :

यदि पुरुषले ओछ्यानमा आफ्नोपन पाउदँछ भने उसले कहिँ पनि आफ्नोपन पाउदँछ ।

पुरुष जो यौन जीवनमा सन्तुष्ट छ उसमा अन्य क्षेत्रहरुमा आत्मा विश्वासको विकाश हुदँछ ।

पुरुष यदि ओछ्यानमा सफल छ भने जीवनको कुनै पनि असफलतालाई सहन सक्छ ।

यदि ऊ यौन जीवनमा सफल छैन भने ऊ कहि पनि सफलताको अनुभव गर्न सक्दैन ।

समस्याको समयमा पुरुषलाई यौनको आवश्यकता हुदँछ उसको श्रीमतीबाट ताकत पाउन ।

राजा दाउद आफ्नो छोरा बिरामी भएको बेला उपवास बसे र प्रार्थना गरे तर उसको मृत्युमा उनी नुहाए, खाए र श्रीमतीबाट सान्त्वना, ताकत,पुर्नजीवन, पुरुषको रुपमा बनिनको लागि आत्मा विश्वासको आफ्नो श्रीमतीकोमा गए । (साथीको बच्चाको मृत्यु)

पुरुषमा आवश्यकता हुन्छ कसैद्धारा पुरा हुनको लागि । यौन क्रिडाले थकाई र दबाबबाट मुक्ति दिदँछ । यसले उसलाई पुरुष हुनलाई चार्ज गर्दछ । यसले उसलाई पुरुष भएकोमा पूर्ण र पुरै भएको अनुभव दिदँछ ।

स्त्रीलाई मानसिक रुपमा तैयार हुनलाई समय लाग्दछ । यसलाई अगाडि बढाउने हो कि होइन भन्ने सोच्दछ । यौनको लागि स्त्री तैयार हुनै पर्दछ र यौन क्रिडामा ध्यान दिनु पर्दछ । उसले आफ्नो मन र सोचलाई नियन्त्रण गर्नु पर्दछ वा उ प्रयोग गरिएको र दुरुपयोग गरिएको जस्तो अनुभव हुखँछ । उ श्रीमान्सँग रिसाउदछ र उहाँलाई रिसको कारण नै थाहा हुदैन ।

स्त्री प्रेम गरिएको चाहान्छिन् तर उसलाई थाहा छ कि यदि उनले श्रीमान्लाई छोयो भने उहाँ यौन गर्न आउनुहुन्छ । कालो बिरालोको उदाहरण

मसँग हुन्छ कपडा छ र हुदैन कपडा छ । हुदैन कपडा चाहिँ फलाटिनको हो ।

स्त्रीलाई बातचित वा सुत्ने बेलामा निद्रा चाहान्छिन् ।

**यौनको लागि साँचो : व्यवहार**

यौनको लागि मेरो प्रतिकृता चाहिँ यो उहाँको दायित्व मात्र होइन, मेरो पनि हो । यदि यो बारे शिक्षा दिन लाग्दै हुनुहुन्छ भने तपाईलाई केले खुशी पार्छ वा केले पर्दैन भन्नुहोस् । उहाँले तपाईको मनलाई पढ्न सक्नुहुन्न !

**१ पत्रुस ३:१–६**

३:१ हे पत्नी हो, यसरी नै तिमीहरू आफ्ना पतिहरूका अधीनमा बस र यदि तिनीहरूमध्ये कसैले वचनमाथि विश्वास गर्दैन भने, तिनीहरूका पत्नीहरूको आचरणले गर्दा कुराविना नै तिनीहरू जितिऊन् ।

२.तिमीहरूको जीवनको शुद्धता र आदर देखेर तिनीहरू परिवर्तन हुनेछन् ।

३.तिमीहरूका सौन्दर्य, बाटेका केश, सुनका गहना तथा राम्रा लुगाफाटाहरू जस्ता बाहिरी श्रिगाररले नहोस् ।

४ तर तिमीहरूको आन्तरिक व्यक्तित्वमा नम्र र शान्त आत्माको नओइलाउने सौन्दर्य होस्, जो (चिन्तीत होइन वा बनावटि) परमेश्वरको दृष्टिमा अति मूल्यवान् छ ।

५ किनकि परमेश्वरमाथि आशा गर्ने प्राचीनकालका पवित्र महिलाहरूले यसै गरी आफूलाई सुन्दर बनाउँथे । तिनीहरू आफ्ना पतिहरूका (उनीहरु आफुले आफैलाई दोस्रो स्तर र उनीहरुमा भर पर्ने) अधीनमा रहन्थे,

६ साराजस्तै, जसले अब्राहामको आज्ञा पालन गर्थिन् (उहाँको अगुवाईलाई पछ्याउने, उहाँ उनको शिर हुनुहुन्छ भनि जनाउनु) र तिनलाई आफ्नो मालिक भन्थिन् (अगुवा, अधिकारी) । यदि तिमीहरू असल काम गर्छौ र डराउँदैनौ भने तिमीहरू यिनैका छोरीहरू हौ ।